# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
# Madan Bhandari Academy of Health Sciences
(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ अन्तर्गत स्थापित)
बागमती प्रदेश, हेटौंडा


पत्र संख्या :-
.................................को कार्यालय
चलानी नं. :-

सूचना न. १६

मिति : २०८३/०४/२८

शैक्षिक पदमा थप जिम्मेवारी प्रदान गर्ने सम्बन्धी सूचना

यस प्रतिष्ठानमा सञ्चालित तथा सञ्चालन हुने MBBS तथा MD/MS लगायतका शैक्षिक कार्यक्रमहरूमा आवश्यक प्राज्ञिक जनशक्ति व्यवस्थापन गरी नियमित पठनपाठन तथा शैक्षिक गतिविधिलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने भएकोले "थप जिम्मेवारी कार्यविधि– २०८१" संशोधित २०८३, बमोजिम देहायका शैक्षिक पदहरूमा थप जिम्मेवारी प्रदान गर्नुपर्ने भएको छ।

यस प्रतिष्ठानमा कार्यरत स्थायी, समिति, छात्रवृत्ति करार तथा अन्य स्वीकृत दरबन्दीमा कार्यरत चिकित्सक. नर्स तथा सम्बन्धित विषयका योग्य विशेषज्ञहरूबाट समेत आवश्यकताअनुसार थप जिम्मेवारी प्रदान गर्न सकिने व्यवस्था रहेको हुँदा, सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता तथा अनुभव पूरा गरेका इच्छुक योग्य उम्मेदवारहरूले देहायबमोजिमका कागजातहरू संलग्न गरी मिति २०८३/०५/११ गते कार्यालय समयभित्र प्रतिष्ठानको शैक्षिक प्रशासन शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक न्यूनतम योग्यताः सम्बन्धित विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तहको शैक्षिक योग्यता हासिल गरेको तथा "थप जिम्मेवारी कार्यविधि– २०८१" संशोधित २०८३, र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत संकायहरुमा कार्यरत शिक्षकहरुको पद प्रमणिकरणको आधार र सिफारिस सम्बन्धि कार्यविधि २०८१ ले निर्धारण गरेको मापदण्डबमोजिमको योग्यता तथा अनुभव पुगेको हुनुपर्नेछ।

पेश गर्नुपर्ने कागजातहरू

१. हस्त लिखित निवेदन तथा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
३. SLC/SEE देखि स्नातकोत्तर तह वा सोभन्दा माथिसम्मका सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिहरू।
४. सम्बन्धित विषयको विशेषज्ञता प्रमाणपत्र।
५. सम्बन्धित पदका लागि आवश्यक कार्यानुभव प्रमाणित हुने कागजातहरू।
६. सम्बन्धित तालिम तथा अन्य व्यावसायिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि।
७. अद्यावधिक व्यक्तिगत विवरण (CV)।
८. थप जिम्मेवारी प्रदान गर्नका लागि सम्बन्धित कार्यविधि तथा प्रचलित मापदण्डले तोकेका अन्य आवश्यक कागजातहरू।

अन्य शर्तहरू

१. थप जिम्मेवारी प्रदान गर्दा "थप जिम्मेवारी कार्यविधि– २०८१" संशोधित २०८३, चिकित्सा शिक्षा आयोगको प्रचलित मापदण्ड तथा प्रतिष्ठानका प्रचलित नियम/निर्णयबमोजिम गरिनेछ।
२. एउटै विषयमा आवश्यकता भन्दा बढी आवेदन प्राप्त भएमा सम्बन्धित विभागीय प्रमुखको राय, सल्लाह तथा सिफारिससमेतका आधारमा प्रचलित कार्यविधि तथा निर्धारित मापदण्डबमोजिम योग्य उम्मेदवार छनोट गरी थप

पत्र संख्या :-
चलानी नं. :-

..............................को कार्यालय

जिम्मेवारी प्रदान गरिनेछ।

३. थप जिम्मेवारी प्रदान गरिएका शिक्षकले प्रतिष्ठानले तोकेको शैक्षिक तथा प्रशासनिक जिम्मेवारी पूरा गर्नुपर्नेछ।

४. थप जिम्मेवारीको अवधि, कार्यक्षेत्र, सेवा– सुविधा तथा अन्य व्यवस्था प्रचलित कार्यविधि तथा प्रतिष्ठानको निर्णयबमोजिम हुनेछ।

५. तोकिएको म्यादभित्र प्राप्त नभएका तथा आवश्यक कागजात पूरा नभएका आवेदनहरू उपर कारबाही गरिने छैन।

६. आवश्यकता, शैक्षिक कार्यक्रम तथा चिकित्सा शिक्षा आयोगको मापदण्डअनुसार विषय/पद थपघट वा हेरफेर गर्न सकिनेछ।

७. थप जिम्मेवारी प्रदान गर्ने सम्बन्धमा अन्तिम निर्णय प्रतिष्ठानको प्रचलित कार्यविधि तथा अधिकारप्राप्त निकायको निर्णयबमोजिम हुनेछ।

थप जानकारीका लागिः
मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
हेटौंडा, मकवानपुर

रजिष्ट्रारको कार्यालय